# स्थानीय राजपत्र

## सुन्दरहरैंचा नगरपालिका, विराटचोक, मोरङद्वारा प्रकाशित

**खण्ड : १०** **सङ्ख्या : २** **मिति : २०८३ असार २४**


**नगर सभाबाट पारित मिति : २०८३ असार ७**

**प्रमाणीकरण मिति : २०८३ असार २२**

## भाग-१

### सुन्दरहरैँचा नगरपालिकाको आन्तरिक आय सङ्कलन (ठेक्का बन्दोबस्त) (पहिलो संशोधन) ऐन, २०८३

सुन्दरहरैँचा नगरपालिकाको आन्तरिक आय सङ्कलन (ठेक्का बन्दोबस्त) ऐन, २०८२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले सुन्दरहरैँचा नगरपालिकाको नगर सभाको १८ औँ अधिवेशनले यो ऐन पारित गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

# सुन्दरहरैँचा नगरपालिकाको आन्तरिक आय सङ्कलन (ठेक्का बन्दोबस्त) (पहिलो संशोधन) ऐन, २०८३

**प्रस्तावना :** सुन्दरहरैँचा नगरपालिकाको आन्तरिक आय सङ्कलन (ठेक्का बन्दोबस्त) ऐन, २०८२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सुन्दरहरैँचा नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "सुन्दरहरैँचा नगरपालिकाको आन्तरिक आय सङ्कलन (ठेक्का बन्दोबस्त) (पहिलो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. सुन्दरहरैँचा नगरपालिकाको आन्तरिक आय सङ्कलन (ठेक्का बन्दोबस्त) ऐन, २०८२ को दफा ४ को उपदफा (१) मा संशोधन :** (१) यो ऐनको अधीनमा रही नगर सभाले निर्णय गरेअनुसारको करको दर, सेवा शुल्क, दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न नगर कार्यपालिकाको कार्यालयले एक आर्थिक वर्षको लागि ठेक्का बन्दोबस्त गर्न सक्नेछ।

तर आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्था देखिएमा बढीमा पन्ध्र वर्षसम्मको लागि तोकिएअनुसार एकैपटक ठेक्का बन्दोबस्त गर्न यस ऐन बमोजिम बाधा भएको मानिने छैन।

सुन्दरहरैँचा नगरपालिकाको राजपत्र